## अध्याय तेईस

# रेडियो नेपालका प्रकाशनहरू

**कृष्ण अधिकारी**

### परिचय

रेडियोबाट प्रसारित कार्यक्रमहरूलाई श्रोतामा मात्र नभई पाठकहरूसम्म समेत पुऱ्याउने ध्येयले प्रायः प्रसारित लेख, निबन्ध, कविता, रूपकहरू राखेर रेडियो नेपालले *झङ्कार* पत्रिका र अन्य पुस्तकहरूको प्रकाशन गरेको थियो ।

आफ्नो स्थापनाकालदेखि २०६० सालसम्म आइपुग्दा रेडियो नेपालबाट प्रकाशित यस्ता सामग्रीमा *झङ्कार* नै प्रमुख हो र यो बीचबीचमा बन्द हुँदै अहिलेसम्म पनि प्रकाशित हुँदैछ । तर स्थापनाको प्रारम्भिक कालमा केही अन्य पुस्तकहरू पनि प्रकाशित भए । यी किन प्रकाशन गरिए, यिनमा कस्ता विषयवस्तुले ठाउँ पाए, उद्देश्य के थियो र त्यसअनुरूप उपलब्धि हासिल भयो कि भएन भन्ने विश्लेषण यस लेखमा छ । नियमित प्रकाशन किन एउटै मात्र भयो, अन्य प्रकाशनहरू किन नियमित हुन सकेनन् वा थप हुन सकेनन् भन्ने तर्कलाई पनि अगाडि सारी व्याख्या एवं विश्लेषण गरिएको छ । यो लेखमा दुई खाले (नियमित र फुट्कर) प्रकाशनबारे

विश्लेषणको साथै निष्कर्ष समावेश छ। यसमा लामो समयदेखि प्रकाशित रेडियो नेपालको मुखपत्र *झङ्कार* कुन कुन बेलामा कसरी प्रकाशित भयो, कहिले बन्द भयो, किन बन्द भयो, पुनः किन प्रकाशन भयो ? भनेर हेर्ने र बुझ्ने प्रयास पनि गरिएको छ। यहाँ रेडियो नेपालका प्रकाशनहरूबारे विश्लेषणको आधार प्रमुख रूपमा स्वयं ती प्रकाशनहरूको अध्ययन नै हो।[1] त्यसबाहेक छिटपुट रूपमा प्रकाशित लेख वा प्रतिक्रियाहरूका साथै सम्बन्धित व्यक्तिहरूसँगको कुराकानीलाई पनि आधार बनाइएको छ।

रेडियो नेपालको प्रकाशनबारे पूर्व अध्ययनहरू खोज्ने हो भने धेरै कम भेटिन्छ। लेखक तथा साहित्यकार शिव रेग्मीले केही विषयवस्तु र प्रकाशनबारे छिटपुट लेखहरू लेख्नु भएको छ। त्यस्तै '*झङ्कार*बारे पाठकहरूको विचार' भन्ने शीर्षकको स्तम्भ (यो पनि नियमित छैन) मा प्रकाशित केही छोटा प्रतिक्रियाहरूबाहेक अधिकारी (२०५४/२०५५), अधिकारी (२०५६), रुपाखेती (२०५६) आदिका विचारहरू पनि *झङ्कार*मै प्रकाशित छन्। विभिन्न समयका *झङ्कार*कै सम्पादकीयहरूमा पनि यसबारे केही उल्लेख गरिएको छ। अन्य पुस्तक/प्रकाशनहरूबारे भने केही पनि लेखिएको भेटिन्न। यसरी विस्तृत रूपमा रेडियो नेपालको प्रकाशनबारे अध्ययन अनुसन्धान नभइरहेको सिलसिलामा यसप्रति रुचि राख्ने अध्येता र विद्यार्थीहरूका लागि केही जानकारी दिनु यो लेखको उद्देश्य हो।

प्रकाशित भएका सामग्रीहरूको मात्र चर्चा गरिएको छ यो लेखमा। ती पत्रिका, पुस्तक वा प्रतिवेदन पनि हुन सक्छन्। अप्रकाशित प्रतिवेदन वा अन्य सामग्रीहरू भने यसमा समाविष्ट छैनन्। प्रकाशित सामग्रीको प्रकृतिका आधारमा लेखलाई मुख्य रूपमा नियमित प्रकाशनः झङ्कार र फुट्कर प्रकाशन गरी दुई खण्डमा बाँडिएको छ। अन्तमा निष्कर्ष दिइएको छ।

## नियमित प्रकाशनः झङ्कार

यो पत्रिका रेडियो नेपालबाट १ असोज २००८ देखि २०६० सम्म निस्कने, बन्द हुने, पुनः निस्कने र पुनः बन्द भई हाल नियमितजसो प्रकाशित छ। तुलनात्मक अध्ययन गर्न र विकासक्रमको प्रवृत्ति बुझ्नलाई सजिलो होस् भनेर यहाँ प्रकाशन

[1] रेडियो नेपालका प्रकाशन *झङ्कार*का प्रकाशित अङ्कमध्ये ४२ ओटा अङ्कहरू प्राप्त हुन सकेनन्। यसका धेरैजसो अङ्कहरू र अन्य प्रकाशन काठमाडौँका विभिन्न स्थानहरूबाट सङ्कलन गरिएको थियो। जसमा केन्द्रीय पुस्तकालय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर; रेडियो नेपालको पुस्तकालय, सिंहदरबार; नेपाल राष्ट्रिय पुस्तकालय, पुल्चोक; र सामाजिक विकास तथा अनुसन्धान केन्द्रको पुस्तकालयका साथै विभिन्न अनुसन्धाताहरू शिव रेग्मी, रामशरण दर्नाल, अच्युतरमण अधिकारी र हरि श्रेष्ठका निजी सङ्कलनबाट विभिन्न अङ्क हामीलाई उपलब्ध भएका थिए।

भएका कालखण्डको आधारमा विभिन्न चरणहरूमा वर्गीकरण गरिएको छ। वर्गीकरण यस प्रकार छः प्रथम चरण (२००८-२००९), दास्रो चरण (२०१६-२०१८), तेस्रो चरण (२०२८-२०४१) र चौथो चरण (२०४९-२०६०)।

**तालिका २३.१: प्रकाशित *झङ्कार*को विवरण**

| क्र.सं. | वर्ष* | अङ्क | प्रकृति | प्रकाशित साल | सम्पादक |
|---|---|---|---|---|---|
| **प्रथम चरण (२००८-२००९)** | | | | | |
| १. | १ | १-१० | पाक्षिक | २००८ | तारिणीप्रसाद कोइराला |
| २. | १ | ११-१३ | पाक्षिक | २००८-२००९ | नवीन |
| जेठ २००९-पुस २०१६ सम्म प्रकाशित नभएको | | | | | |
| **दास्रो चरण (२०१६-२०१८)** | | | | | |
| ३. | १ | १-७ | पाक्षिक | २०१६ | धनुषचन्द्र गौतम |
| ४. | १ | ८-२४ | पाक्षिक | २०१६-२०१७ | उल्लेख नभएको |
| ५. | २ | १-२४ | पाक्षिक | २०१७-२०१८ | उल्लेख नभएको |
| वर्ष ३ देखि वर्ष १२ (वैशाख २०१९–जेठ २०२८) सम्म प्रकाशित नभएको | | | | | |
| **तेस्रो चरण (२०२८-२०४१)** | | | | | |
| ६. | १३ | १-१२ | मासिक | २०२८ | रामप्रसाद लामिछाने र अरू |
| ७. | १४-१६ | १-१२ | मासिक | २०२९-२०३१ | रामराज पौडयाल, उपेन्द्रराज प्रेमी |
| ८. | १७ | १-४ | मासिक | २०३२ | रामराज पौडयाल, उपेन्द्रराज प्रेमी |
| ९. | १८-२३ | १-१२ | मासिक | २०३२-२०३८ | उल्लेख नभएको |
| १०. | २४-२६ | १-१२ | मासिक | २०३८-२०४१ | दामोदर घिमिरे |
| वर्ष २७ देखि वर्ष ३९ (भदौ २०४१-फागुन २०४९) सम्म प्रकाशित नभएको | | | | | |
| **चौथो चरण (२०४९-२०६०)** | | | | | |
| ११. | ४०-४१ | १-१२ | मासिक | २०४९-२०५० | ज्ञानुवाकर पौडेल |
| १२. | ४२-४४ | १-४ | त्रैमासिक | २०५१-२०५३ | बमबहादुर थापा 'जिताली' |
| १३. | ४५-५० | १-४ | त्रैमासिक | २०५४-२०५७ | बमबहादुर थापा 'जिताली' |
| १४. | ५१-५३ | १-२ | अर्धवार्षिक | २०५७-२०६० | बमबहादुर थापा 'जिताली' |

स्रोतः प्रकाशित *झङ्कार*हरू।

* २००८ सालमा *झङ्कार*को सुरुआत हुँदा वर्ष र अङ्कको सट्टामा वीणा र कम्पन लेख्ने चलन थियो। २०१६ सालमा पुनः प्रकाशन भएपछि भने वर्ष र अङ्क लेख्न थालिएको थियो। यसरी पुनः प्रकाशन हुँदा पहिले प्रकाशन भएकोलाई गणना नगरी पुनः वर्ष १ अङ्क १ भनी उल्लेख गरिएको थियो। फलस्वरूप त्यही आधारमा २०४१ सालमा वर्ष २६ भनियो। २०४१ सालदेखि बन्द भएर पुनः २०४९ सालमा प्रकाशन हुँदा भने २००८ साल देखिकै हिसावले वर्ष ४० लेखेर मिलाएको देखिन्छ। वर्ष अङ्क अझै पनि मिलेको छैन।

## *प्रथम चरण (२००८–२००९)*

रेडियोबाट प्रसारण गरिने विभिन्न कार्यक्रमहरूसहित गीत, सङ्गीत, भाषा साहित्य र कलासम्बन्धी विविध जानकारी दिने उद्देश्यले *झङ्कार* पाक्षिक पत्रिकालाई रेडियो नेपालले प्रकाशनमा ल्याएको थियो। १ असोज २००८ देखि रेडियोमा


# झन्कार सुनियो

तस्बिर २३.१: *झङ्कार* वीणा १ कम्पन १, २००८ को सम्पादकीय ।

बज्ने कार्यक्रमको झलक मात्र राखेर सुरुका दुई-तीन अङ्कहरू प्रकाशित भए । *झङ्कार*ले त्यसपछिका अङ्कदेखि भने लेख, रचना र चिनारीहरू दिन थालेको थियो । रेडियोबाट प्रसारित वा रेडियोमा प्रसारण हुन लायकका सामग्रीहरू यसमा राख्ने गरिएका थिए । वैशाख २००९ सम्म १३ अङ्क प्रकाशित भएपछि *झङ्कार*ले बिसाइ मारेको देखिन्छ । रेडियो नेपालका संस्थापक डाइरेक्टर तारिणीप्रसाद कोइरालाको सक्रियतामा जनार्दन सम र श्यामदास वैष्णवको समूहले नै यो पत्रिका निकालेको थियो । सम्पादन लगायत सबै काम रेडियो नेपालले गर्ने भए पनि सुरुमा शेखर (तारिणीको साहित्यिक नाउँ) प्रकाशनको नाममा निस्कने गर्दथ्यो । यस समूहमा तारिणीले पूरा समय बिताउन पाएनन् । *झङ्कार* सुरु भएको ६ महिना पनि नपुगी उनलाई रेडियो नेपालबाट हटाइयो । यसबारे वीणा १ कम्पन ११ (सुरुमा वर्ष अङ्क नभनी वीणा कम्पन लेख्ने गरिन्थ्यो) को *'झङ्कार*को स्वर फेरियो' भन्ने शीर्षकको सम्पादकीयमा "...देशमा परदेशीले मनपरी रजाइँ गर्‍यो रे भन्ने कुरामा विरोध जनायो रे भन्ने निहुले निकाला गरियो" भन्ने उल्लेख छ (झङ्कार २००८ङः ३१) ।

श्यामदास वैष्णवका अनुसार सो घटनापछि त्यो समूह (श्यामदास, जर्नादन सम र तारिणप्रसाद) ले यस कार्यको घोर विरोध गर्नुका साथै त्यही अङ्क र त्यसपछिका अङ्कहरू रेडियो नेपालबाट अलग भई छुट्टै रूपमा 'नवीन' भन्ने काल्पनिक सम्पादक र प्रकाशकको नाम राखेर निकालिएको थियो । त्यसबेला भने रेडियो नेपाल र *झङ्कार*को सम्बन्धविच्छेद भएजस्तै थियो भन्ने बुझिन्छ । कम्पन ११ र त्यसपछि प्रकाशित कम्पन १२/१३ मा रेडियो नेपालको कार्यक्रम झलक पनि राखिएको थिएन ।

वीणा १ कम्पन १० सम्म शेखर प्रकाशनद्वारा प्रकाशित र गोरखापत्र संस्थानमा मुद्रित पत्रिकाको मूल्य २५ पैसा राखिएको थियो । वीणा १ कम्पन १२/१३ (संयुक्ताङ्क) मा "आगामी अङ्क विराटनगरले मागेकाले विराटनगरमै प्रकाशित हुने र काठमाडौँको लागि प्लेनबाट आउने छ" भन्ने नवीन प्रकाशनको सूचना राखिएको थियो (झङ्कार २००८/२००९: अन्तिम पातो) । तर १४ औँ अङ्क विराटनगरबाट प्रकाशित भएको प्रमाण फेला पार्न सकिएन । यसरी वैशाख २००९ सम्म प्रकाशन भएर *झङ्कार*ले पहिलो चरण पूरा गऱ्यो । यस चरणमा तारिणीप्रसाद कोइराला, बालकृष्ण सम, जनार्दन सम, श्यामदास वैष्णव, जनकलाल शर्मा आदिका कविता, नाटक, निबन्ध, कथा, आदि जस्ता साहित्यिक खुराकका साथै 'खलबल' शीर्षक अन्तर्गत्को रोचक प्रश्न उत्तर स्तम्भ पनि प्रकाशित भयो (पराजुली २०६१) । कलाकारको परिचयात्मक फोटो स्तम्भले पनि ठाउँ पाएका थिए त्यसबेलाका अङ्कहरुमा । तत्कालीन लेख, निबन्धहरू कुनै अनुसन्धाताले नपल्टाई साहित्यको अध्ययन पूरा गर्न सक्दैन भन्ने विचार शिव रेग्मीको छ । उनका अनुसार ती लेखहरू साहित्यिक फाँटका लागि उत्तम सन्दर्भ सामग्री हुन् ।[२]

*झङ्कार*को प्रथम चरणमा सम्पादन र प्रकाशन सम्पादक समूहले गर्ने भनिए पनि त्यसको व्यवस्थापन कसरी, को-कोबाट चलाइयो भन्नेबारे कुनै जानकारी पाउन सकिएन । "बजारका मुख्य पसलहरूमा पत्रिका पाउन सकिने छ" भन्ने खालका सूचनाहरू पनि *झङ्कार*का विभिन्न अङ्कहरूमा प्रकाशित हुन्थे ।

"*झङ्कार*को निम्ति गतिला राजनैतिक, आर्थिक, सामाजिक, वैज्ञानिक तथा साहित्यिक लेखहरूको आवश्यकता छ । कलमवाजहरूले लेख पठाउन नभुल्नुहोला । अनि प्रश्नकर्ताहरूले पनि चुम्दा प्रश्नहरूले खलबल मचाउनुहोला" भन्ने नवीन प्रकाशनको सूचना पनि वीणा १ कम्पन १२/१३ (संयुक्ताङ्क) मा दिइएको थियो (झङ्कार २००८/२००९: ३०) । यस्ता सूचनाका आधारबाट नै लेख, रचनाहरू

---

[२] शिव रेग्मीसँगको कुराकानीमा आधारित ।

सङ्कलन हुने र त्यसबाहेक सम्पादक समूहले पनि व्यक्तिगत सम्पर्कबाट लेखहरू बटुल्ने गर्दथे ।[३] रेडियोबाट प्रसारण भएका विभिन्न सामग्रीले पनि त्यसबेलाको *झङ्कार*मा प्रशस्तै ठाउँ पाएका थिए । प्रकाशन र व्यवस्थापनमा कति खर्च लाग्थ्यो भन्नेबारे कसैबाट कुनै जवाफ पाउन सकिएन ।

## *दोस्रो चरण (२०१६-२०१८)*

*झङ्कार*को दास्रोचरण माघ २०१६ श्रीपञ्चमीका दिनबाट धनुषचन्द्र गौतमको सम्पादनमा सुरु भएको थियो । तर *झङ्कार* प्रकाशन गर्दा भने अगाडिका कुरालाई ख्याल राखेको पाइएन । २००८ सालमा नै वीणा १ कम्पन १३ सम्म प्रकाशित *झङ्कार*को रेकर्डलाई पूर्ण रूपमा बेवास्ता गरी पुनः वर्ष १ अङ्क १ भनेर प्रकाशन गर्नु उदेकको कुरा हो । असोज २००८ सालदेखि नै *झङ्कार* निस्कन थालेको हो भन्ने कुरा व्यवस्थापन पक्षले थाहा पाएन होला भनेर भन्न सकिन्न । तारिणीप्रसाद कोइराला रेडियो नेपालमा नभए पनि श्यामदास वैष्णव त त्यहीँ थिए । अरू


'झंकार'लाई आसीक :—

तस्बिर २३.२: *झङ्कार* १(१), २०१६ मा प्रकाशित शुभकामना ।

[३] श्यामदास वैष्णवसँगको कुराकानीमा आधारित ।

व्यक्तिहरूसँग सोधपुछ गरेर पनि रेकर्ड खोज्न सकिन्थ्यो होला तर त्यसो गरेको पाइएन ।

यस अवधिका *झङ्कार*मा प्रदीप रिमाल, गोपालप्रसाद रिमाल, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, श्यामदास वैष्णव, दौलतविक्रम विष्ट, रमेश विकल र केशवराज पिंडालीका कथा, कविता, नाटक जस्ता साहित्यिक लेख रचनाले नै विषयवस्तुको रूपमा ठाउँ पाएका थिए । उसो त धनुषचन्द्र गौतम पनि साहित्यकार नै थिए । वर्ष १ अङ्क ८ (वैशाख २०१७) बाट सम्पादन कसले गऱ्यो भन्ने बारेमा *झङ्कार*मा उल्लेख नभए पनि यसअघि धनुषचन्द्र गौतमलाई सघाउने समूहले नै गरेको उक्त समूहका एक सदस्य श्यामदास वैष्णव बताउँछन् । नेपाली मूर्तिकलाको विकास (जनकलाल शर्मा), नेपाली चित्रकला (कालिदास) भन्ने जस्ता समसामयिक र विविध खाले विषयवस्तुलाई समेट्ने प्रयास भएको तत्कालीन *झङ्कार* हेर्दा थाहा हुन्छ । कम मूल्यमा मूल्यवान विषयहरू दिन खोजिएको, सांस्कृतिक गतिविधिको साथै प्रकाशित पुस्तक पुस्तिकाको मूल्याङ्कनलाई पनि उचित स्थान दिने विचार यसले गरेको छ । पत्रिका टाढा टाढासम्म पुऱ्याउने प्रबन्ध पनि गर्न लागेको छ भन्ने कुरा वैशाख २०१७ मा प्रकाशित *झङ्कार*को सम्पादकीयमा उल्लेख थियो (२०१७क: ३२) । सुरु (२००८) देखि वर्ष २ अङ्क ७ (२०१७) सम्म यसको मूल्य २५ पैसा राखिएको थियो । अङ्क ८ देखि *झङ्कार*लाई सर्वसाधारणका लागि भनेर निःशुल्क वितरण गर्न थालियो ।

नयाँ वर्ष, विजया दशमी तथा दीपावली, एकता दिवस, प्रजातन्त्र दिवस, योजनाहरूको घोषणा र विभिन्न सन्देशहरूको साथै समय अनुसारका अन्य विषयवस्तुले नै सम्पादकीयहरूमा ठाउँ पाएका छन् । पाक्षिक रूपमा प्रकाशित हुने भनिएपनि सधैंजसो समयमा प्रकाशित हुन नसकेको, चाड पर्व बिदा वा अन्य कारणले गर्दा पत्रिका निस्कन ढिला भएकोले क्षमा मागेको कुरा पनि सम्पादकीयमा प्रशस्तै भेटिन्छन् । दोस्रो चरणकै पछिल्तिर स्वदेशी मात्र नभएर विदेशी लेखकहरूका लेख, निबन्ध, कविताहरू पनि अनुवाद गरेर छपाइएको छ । विज्ञापनको आह्वानमा जोड दिएको भए पनि *झङ्कार*को आफ्नै सूचना भएका विज्ञापनबाहेक अन्य विज्ञापनहरू कुनै अङ्कमा भेटिएनन् । पत्रिकाको विज्ञापन दर पनि यदाकदा *झङ्कार*मा दिइएको पाइन्छ । विज्ञापन दिन आह्वान गर्दै प्रकाशित एउटा सूचना यस्तो छ:

> *झङ्कार*मा आँखाको आकर्षण छ । किनकि यसभित्र विविध विषयका मूल्यवान रचनाहरूको साथै अनेकौं मनोरञ्जनात्मक कुराहरू पनि पाइन्छन् । त्यसैले, विज्ञापनको शोभा पनि यसमा थपिनु उपयुक्त कुरा हो (२०१७ग: अन्तिम पातो) ।



झंकारको विज्ञापन दर

भित्रका पानामा-

कमीशन

तस्बिर २३.३: *झङ्कार* १(५), २०१६, पृ. २८ मा प्रकाशित विज्ञापन ।

यस्तो विज्ञापन आह्वानका सूचनाको शैली र प्रकृति यो चरणको अन्तसम्म पनि उस्तै रहेको पाइन्छ ।

*झङ्कार*लाई वास्तविक रूपमा सबैको पहुँचभित्र पार्न सबै ठाउँमा पुऱ्याउन खोजिएपनि यसको व्यवस्थापन कसरी गरिएको र कुन कुन ठाउँमा कसरी लैजाने गरिन्थ्यो भन्नेबारे कतै उल्लेख भएको पाइँदैन । तसर्थ विभिन्न क्षेत्रमा पुऱ्याउने प्रणाली कसरी मिलाइएको थियो भन्ने जस्ता व्यवस्थापकीय पक्षबारे केही थाहा पाउन कठिन छ ।

१ पुस २०१७ मा बहुदलीय व्यवस्थालाई हटाएर निर्दलीय व्यवस्थाको सूत्रपात गरेपछि त्यसको प्रभाव रेडियो पत्रिका *झङ्कार*माथि पनि पर्न गएको कुरा सम्पादकीयबाट थाहा पाउन सकिन्छ । सम्पादकीय वा विषयवस्तुमा पनि व्यवस्थाको गुणगान भरिएका सन्देशले प्रशस्तै ठाउँ पाएका छन् । त्यसैगरी श्री ५ महेन्द्रका महावाणी र मन्त्रीहरूका सन्देश राखिएका छन् भने २०१७ सालको घटनाबारे राजा महेन्द्रले ठीक गरेको टिप्पणी पनि छन् । *झङ्कार*का दुईओटा अङ्कमा प्रकाशित सम्पादकीयको केही अंश हेरौँ:

> "देशको सार्वभौमिकता बचाउन" श्री ५ महेन्द्रबाट एक ऐतिहासिक कदम हालै पनि उठाइबक्सेको हामीले देख्यौं जबकि अधिकारको नाममा मनपरी क्रान्तिको नाममा कृतघ्नता र उन्नतिको नाममा लुट्पाट् जताततै चल्न थाल्छ त, राष्ट्रनायकबाट यस्तो स्थितिको अन्त नगरिदिए, देशैको निम्ति नै खतरा आइपर्ने थियो, यदि देशै नरहे प्रजातन्त्र कहाँ रहने ? यसैकारण, आफ्नै देशको धरातलबाट प्रजातन्त्र हुर्काउने र सबै नेपालीको हित र विकास हुने प्रण सबको साझा प्रतीकबाट गराइयो । यसलाई हामी राष्ट्रिय अनुष्ठान भन्न सक्छौं । अब यसप्रति तमाम नेपालीहरू जागरुक भई लाग्नु पर्नेमा देशको भविष्य निहित छ, यो युगको माग हो (*झङ्कार* २०१७च) ।

> विगत वर्षमा भएका हाम्रा त्रुटि अथवा उन्नति अनि त्यसको लेखाजोखा गरी आउँदो वर्षमा आशावादी बनेर देश नरेश र जनताको आराधनामा व्यक्तिगत् भावनालाई दिगो बनाइ अखण्ड आरती जगाऔं (*झङ्कार* २०१७घ) ।

सम्पादकीयबाहेक तत्कालीन मन्त्रीहरूका भाषणका केही अंश पनि त्यतिबेलाका *झङ्कार*मा देख्न सकिन्छ । जस्तोः "श्री ५ मा आस्था राखी देश विकासको काममा योगदान दिनु आज हामी सबैको कर्तव्य हुन आएको छ"– तुलसी गिरी, परराष्ट्रमन्त्री (झङ्कार २०१७घः ११); "श्री ५ महाराजधिराजबाट उठाइबक्सेको कदमलाई हामी सबै मिलेर सहयोग गरौँ र देश निर्माणको लागि संलग्न होऔँ" –ऋषिकेश शाह, अर्थमन्त्री (झङ्कार २०१७घः २५) आदि । यस्तै सरकारी अन्य उच्च ओहदावाल विभिन्न व्यक्तिहरूका उद्गारहरू पनि *झङ्कार*का हरेकजसो अङ्कहरूमा राखिएका थिए ।

२०१८ मा पूरै अङ्क प्रकाशित भएको देखिए पनि त्यसपछि भने यसले निरन्तरता पाउन सकेन । प्रकाशन वा सम्पादन गर्ने टोली छुट्टै नहुने र रेडियो नेपाल भित्रैको जनशक्तिबाट नै *झङ्कार*को प्रकाशन हुने गरेको थियो । खुलारूपमा बेच्ने मूल्य राखिए पनि मूल्य उठाउन छुट्टै जनशक्ति नराखिएकाले बिक्रीबापतको रकम आउँदैनथ्यो । विज्ञापन र ग्राहक बापतको पैसा पनि नआउने भएर होला सायद पछि वर्ष २ अङ्क ८ बाट *झङ्कार*लाई निःशुल्क रूपमा वितरण गर्न थालिएको थियो । त्यही अङ्कदेखि पाठकहरूलाई *झङ्कार*बारे प्रतिक्रिया वा सुझाव लेखिदिन अनुरोध समेत गरेको देखिन्छ । वर्ष २ को अन्तसम्ममा नियमितजसो प्रकाशन गरेको *झङ्कार* के कारणले निस्कन सकेन भन्नेबारे अघिल्ला अङ्कहरूमा वा लामो समयको अन्तरालपछि प्रकाशित भएको अङ्कमा समेत कतै उल्लेख भएको छैन ।

२०१८ पछि २०२२ सालमा *झङ्कार* प्रकाशित भएको कुरा शिव रेग्मीले उल्लेख गरे पनि त्यतिबेला *झङ्कार* निस्केको हो भन्ने (२०५४/२०५५: ११) आधार वा प्रमाणहरू भेट्न सकिएको छैन । खोजीका क्रममा त्यस अवधिका *झङ्कार*हरू कतै पनि नभेटिनु, तथा अन्यत्र पनि त्यसबारे उल्लेख नहुनुले गर्दा त्यस अवधिमा *झङ्कार* प्रकाशित भएको भन्ने कुरा त्यति विश्वसनीय देखिँदैन ।

## *तेस्रो चरण (२०२८-२०४१)*

२०२८ सालमा राष्ट्रिय सञ्चार योजना २०२८ लागू भएकाले रेडियो नेपालको लागि बढी महत्त्वपूर्ण मानिन्छ । यस योजनाले सञ्चार क्षेत्रलाई व्यवस्थित रूपमा अगाडि बढाउन मूल आदर्श वा नारा पनि निश्चित गऱ्यो 'विकासको लागि सञ्चार' । यो योजनाले रेडियो पत्रिका *झङ्कार*लाई समेत व्यवस्थित रूपमा लैजानुपर्ने कुरालाई उठाएको छ । यस योजनामा *झङ्कार*का सम्बन्धमा यस्तो उल्लेख छः

> *झङ्कार* नामक मुखपत्रलाई अरू सशक्त बनाउने, मुखपत्रको मुख्य उद्देश्य जनसाधारणलाई रेडियोमा प्रसारण हुने कार्यक्रमको अग्रिम जानकारी दिनु, साथै रेडियो प्रसारित लोकगीत,

> गीत तथा सङ्गीतको स्वर, वाद्यलिपि पनि यस मुखपत्रमा प्रकाशित हुनेछन् । 'मुखपत्र सङ्गीत प्रधान हुनेछ' मुखपत्रमा पुरस्कृत रचनाहरू पनि प्रकाशित गर्नुपर्छ (श्री ५ को सरकार २०६०: १३७) ।

उक्त योजनाअनुसार नै रेडियोमा प्रकाशन भएका सामग्रीहरूलाई उपयोगिताका हिसाबले *झङ्कार*मा समेत प्रकाशन गर्न थालियो । त्यही अवधिदेखि रेडियोमा प्रसारित समाचारका एक महिनाको अवधिका मुख्य अंशहरूलाई *झङ्कार*मा समेटिएको छ ।

वर्ष १३, २०२८ देखि नियमित मासिक रूपमा निस्के पनि त्यसभन्दा अगाडि पनि बेलाबेलामा मासिक रूपमा प्रकाशित थियो । स्वदेशी मात्र नभएर विदेशी सञ्चार क्षेत्रका व्यक्तिहरूले रेडियोमा दिएको अन्तर्वार्ता र बौद्धिक खुराक दिने हाजिरी जवाफ स्तम्भ पनि त्यसमा राखिएको थियो, चिनारी स्तम्भअन्तर्गत् रेडियोमा विभिन्न व्यक्तिका बारेमा परिचय दिने गरिएको थियो । रामशरण दर्नाल, किरण खरेल, श्यामदास वैष्णव, बालमुकुन्ददेव पाण्डे, कोइलीदेवी, ईश्वरवल्लभ, दिनेश अधिकारी, विश्वनाथ रुपाखेती, शान्ता श्रेष्ठ र उपेन्द्रराज प्रेमीका लेख रचनाहरूले त्यतिबेला प्रशस्तै ठाउँ पाएका थिए । सम्पादक थपघट हुने क्रम बेलाबेलामा जारी रहनाले *झङ्कार*मा सम्पादकका नाम उल्लेख भएको हुँदैनथ्यो । त्यतिबेलादेखि नै नेपाली बाहेक अंग्रेजीमा समेत कार्यक्रमको झलक दिने गरेको पाइन्छ । वर्ष १६ (२०३१) मा आएर रेडियो नेपालबाट वर्षभरमा प्रसार गरिने विशेष कार्यक्रमको रूपरेखा पनि *झङ्कार*ले दिने गरेको थियो । कवि सम्मेलन विशेषाङ्क पनि निकालियो जसमा कवि सम्मेलनमा रेडियोबाट बजेका सबैजसो कवितालाई राखिएको थियो । २०३१ सालमा राजा श्री ५ वीरेन्द्रको शुभराज्याभिषेकको अवसर पारेर *झङ्कार*को विशेष प्रकाशन गरिएको थियो । वर्ष अङ्क उल्लेख नभएको यस *झङ्कार*का लेख, रचनाहरू राजा वीरेन्द्रको बारेमा लेखिएका थिए । ४२ ओटा लेख कविता राखिएको उक्त विशेष प्रकाशनमा रेडियो नेपालसम्बन्धी दुईओटा लेख पनि परेका छन् । उपेन्द्रराज प्रेमीको 'रेडियो नेपालको विकासमा राजसंस्थाबाट पाएको प्रेरणा' र टेकबहादुर खत्रीको 'कम्यूनिकेशन ड्युरिङ किङ्ग वीरेन्द्रज रेन' भन्ने अंग्रेजी लेख हुन् ती । शुभ राज्याभिषेकसम्बन्धी ती लेखहरूको सँगालोलाई कृष्णबहादुर खत्री, विश्वनाथ रुपाखेती र उपेन्द्रराज प्रेमीले सम्पादन गरेका थिए । वर्ष २१, २०३६ सालदेखि चिनारी वा परिचयअन्तर्गत् विभिन्न रेडियोकर्मी वा रेडियोसँग सम्बन्धित व्यक्तिहरूसँग भएका कुराकानीलाई समावेश गरी 'झरना र झङ्कार' भन्ने नयाँ स्तम्भले ठाउँ पाएको थियो । भदौ २०४१ मा रेडियो नेपाल प्रसार विभागबाट

विकास समितिमा गएपछि नियमित प्रकाशन हुँदै आएको *झङ्कार* पत्रिकालाई बन्द गरियो तर कारण खोलिएन ।

## *चौथो चरण (२०४९-२०६०)*

*झङ्कार*को चौथो चरण भदौ २०४९ देखि सुरु भएको हो । मुहार फेरेर देखा परेको *झङ्कार*को आकार सानो देखिन्छ । यस्तो आकार करिब दुई वर्ष जति मात्र रह्यो । यस अवधिमा *झङ्कार*को व्यवस्थापकीय स्वरूपलाई केही परिमार्जन गरिएको थियो । कार्यकारी निर्देशक र नायव कार्यकारी निर्देशक सल्लाहकार राखेर सम्पादक मण्डलमा तीन-चार जनाको नाम राखेको पाइन्छ ।

चौथो चरणको अन्ततिर *झङ्कार*मा रेडियोसम्बन्धी विषयवस्तु प्रशस्तै आउन थाले । दामोदर घिमिरे, पाण्डव सुनुवार, श्यामदास वैष्णव, रामशरण कार्की, शिव रेग्मी, मदनदास श्रेष्ठ, रमेश पौडेल, पुरुषोत्तम सापकोटा र महेशप्रसाद अधिकारीका विविध लेख रचनाहरूले ठाउँ पाउन थाले । नयाँ नयाँ व्यक्तिहरूका समय अनुसारका लेख सामग्रीहरू आउन थाले । ज्ञानुवाकर पौडेल, बमबहादुर थापा जितालीहरूले *झङ्कार*लाई रूप बदल्नमा सहयोग पुऱ्याएका छन् । यही अवधिमा अर्थात् वर्ष ४२ अङ्क ४ (२०५१) देखि यो द्वैमासिक रूपमा देखा पऱ्यो । वर्ष ४२ अङ्क ५ भने पर्यावरण विशेषाङ्कारूपमा प्रकाशित थियो । यस अङ्कमा पर्यावरण वा वातावरणसम्बन्धी लेख, कविताहरू राखिएका छन् । त्यस्तै वर्ष ४३ संयुक्ताङ्क २-४ नारी विशेषाङ्कका रूपमा निस्कियो । उक्त विशेषाङ्कमा नारीसम्बन्धी लेख, निबन्ध र कविताहरू मात्र राखिएका छन् । तर रेडियो र नारीको सम्बन्ध दर्शाउने एउटा लेख पनि छैन । यस अवधिमा *झङ्कार* द्वैमासिक भने पनि संयुक्त रूपमा चार/चार महिनामा प्रकाशन हुने गर्दथ्यो ।

यस चरणमा अनुसन्धानमूलक लेख र विचारहरूको स्तम्भ पनि *झङ्कार*मा राख्दै आएको पाइन्छ । विज्ञापन माग्ने कहिल्यै विज्ञापन नपाउने गरेको घटना *झङ्कार*का लागि नौलो भएन । रेडियो नेपालको स्वर्ण जयन्तीमा प्रकाशित *झङ्कार (स्वर्ण महोत्सव स्मारिका)* मा विज्ञापन छाप्नको लागि सूचना समेत प्रकाशित थियो । त्यही सूचनाबाट नै स्वर्ण महोत्सव स्मारिकामा केही विज्ञापन छापिएपनि त्यसपछिका अङ्कहरूमा भने कुनै विज्ञापन देखिएन । छापिएका ३७ लेख, निबन्ध र कविताहरू सबै रेडियोसँग सम्बन्धित र काम गरेकाहरूकै संस्मरणात्मक रचना थिए (घिमिरे २०५६) । स्वर्ण महोत्सव स्मारिका पछिका अन्य अङ्कमा पनि रेडियो नेपालसम्बन्धी लेखहरूको सङ्ख्या बढिरहेकै छ । यसचरणको पछिल्लो कालमा अर्धवार्षिक भनेपनि *झङ्कार* वार्षिक रूपमा निस्किरहेको छ ।

सुरुदेखि २०४९ सालसम्म पनि रेडियो नेपालले *झङ्कार* ५०० प्रति छाप्ने गरेको थियो। २०५० देखि १००० प्रति छाप्ने गरेको छ। काठमाडौँ भित्रका सरकारी कार्यालय, पुस्तकालय र रुचिसाथ मगाउने व्यक्तिहरूकहाँ यसको वितरण हुने गरेको छ। काठमाडौँबाहिर देशका विभिन्न भागबाट माग आएमा आवश्यक प्रतिहरू हुलाकमार्फत नै पठाउने गरिएको छ। *झङ्कार*मा लेख वा स्तम्भ लेख्ने लेखक, साहित्यकारलाई पारिश्रमिक पनि दिने गरिएको छ। पारिश्रमिक लेख हेरेर ५०० देखि १००० रुपियाँसम्म दिने गरिन्छ। श्री ५ को सरकारको कार्य योजनामा कुनै परिवर्तन हुनासाथ *झङ्कार*को प्रकाशनमा गडबडी हुन जान्छ जसले गर्दा समयमा पत्रिका निस्कन सक्दैन। तर हाल (२०६० साल) व्यवस्थापन कसरी मिलाउने र प्रकाशन कसरी गर्ने भन्नेबारेमा गृहकार्य समेत भइरहेको देखिन्छ।[४]

यस पत्रिकाको प्रमुख सफलता भनेको नेपाली साहित्यको श्रीवृद्धि गर्नमा उल्लेख्य योगदान दिनु नै हो। व्यवस्थापन र कुनै कार्य योजना विना नै यो प्रकाशन चलेको हुँदा यसले निरन्तरता पाउन नसकेको हो। लेख लेखेबापत पैसा थिएन, विज्ञापन थिएन, छापेबापत छापाखानालाई पैसा पनि तिर्नु नपर्ने हुनाले पनि कहिल्यै नियमित हुन नसकेको हो भन्ने तर्क श्यामदास वैष्णवको छ। तर विकास समिति बनेपछि भने छपाइबापत मुद्रण विभागले पैसा लिने गरेको छ। २०५८ सालपछि भने यसको छपाइबापत वार्षिक एकमुष्ट पच्चीस हजार रुपियाँ मुद्रण विभागलाई बुझाउने गरिएको छ। रचनाहरूको पैसा रचना शाखाले वितरण गर्छ।

पैसा भएको र मन लागेको बेला प्रकाशित हुने र अरु बेला थन्किएर बस्ने प्रक्रिया चलिरह्यो। सरकारको निश्चित निर्देशन र सल्लाह पनि यसले पाउन सकेन। २०२८ पछि करिब एक दशक भने नियमित नै भयो। तर पनि व्यवस्थापनमा र विषयवस्तुको छनोट प्रस्तुतिमा खासै सुधार हुन सकेन। २०४१ सालमा विकास समितिमा गएपछि *झङ्कार*ले केही परिवर्तन ल्याउँछ कि भन्ने थियो तर त्यो पनि भएन। बरू लामो समय बन्दै भयो। २०४९ पछि भने मासिक रूपमा प्रकाशन हुन नसकेपनि द्वैमासिक, त्रैमासिक, र अर्धवार्षिक हुँदै वार्षिक रूपमा त निस्केकै छ। सबै पत्रिका पसल र सरकारी कार्यालयमा पुग्ने भनिएपनि प्रभावकारी वितरण संयन्त्र नभएको वा नबनाइएको कारण रेडियो नेपाल आफूले आवश्यक ठानेका ठाउँ बाहेक अन्य ठाउँ वा पसलहरूमा यो कहिल्यै पुगेन। पैसा तिरेर *झङ्कार* कसैले किनेको रेकर्ड छैन र विज्ञापन वा ग्राहकबापत कुनै सुकापनि आएन

[४] बमबहादुर थापा 'जिताली'सँगको कुराकानीमा आधारित।

भन्ने तीतो अनुभव श्यामदास वैष्णवको छ । *झङ्कार*को सुरुआती कालमा पत्रिका निकाल्ने पैसा थिएन । रेडियोमा काम गर्ने कर्मचारीलाई दिने पैसा त नभएको सन्दर्भमा पत्रिका निकाल्न पैसा नहुनु स्वभाविकै हो ।[५] अहिले भने त्यो स्थितिमा केही सुधार आएको छ । लेख रचनाबापत *झङ्कार*ले राम्रै पारिश्रमिक दिने गरेको छ । पहिला साहित्यिक सामग्रीले मात्र ठाउँ पाउने गरेकोमा पछिल्लो कालमा विविधता बढेको छ । *झङ्कार*का पछिल्ला अङ्कहरूमा विभिन्न खण्ड समेत छुट्ट्याइएको छः कथा खण्ड, कविता खण्ड, नाटक खण्ड, लेख रचना खण्ड, अनुसन्धान खण्ड, विविध खण्ड आदि । यसर्थ सबैखाले पाठकलाई आफ्नो स्वाद चखाउन सफल भएको छ *झङ्कार* ।[६]

*झङ्कार* पत्रिका प्रकाशनको सुरुआती काल २००८ सालतिर दुई-तीन जना व्यक्तिको संलग्नता रहे पनि त्यो क्रम भने चौथो चरणसम्म नै रहेको देखिन्छ । साउन २०४१ सम्म प्रसार विभागअन्तर्गत् चल्दा र त्यसपछि विकास समितिमा गएपछि पनि त्यसको संरचनामा खासै भिन्नता आएन । मिडियाबारे लेख्ने लेखक कम हुनाले वा भएकाले पनि नलेखेका कारणले होला, नेपाली मिडियाबारे रचनाहरू उति साह्रो छापिएको पाइँदैन । केवल फुटकर रूपमा राजासँग जोडिएका रेडियोका सम्बन्धबारेमा लेखिएका संस्मरणात्मक लेख भने केही परेका छन् । यसका अतिरिक्त वर्ष दिनमा रेडियो नेपालले आफ्नो जन्मोत्सव मनाउँदा राजाका शुभकामना सन्देश र रेडियो निर्देशकका भाषणहरू प्रकाशन गरेको पाइन्छ । सबै मन्त्री र सचिवहरूले *झङ्कार* पत्रिकालाई विकसित गर्दै लैजान आवश्यक परेको बेला सहयोग दिने वचन दिएपनि त्यस्तो उल्लेखनीय सहयोग रेडियो नेपालको मुखपत्र *झङ्कार*ले भने कहिल्यै पाएन ।[७] रेडियो प्रसारणबारे अन्य सामग्रीहरूले त्यसबेलाका *झङ्कार*मा ठाउँ पाएको देखिएन । यद्यपि रेडियोबाट प्रसारित केही सामग्री भने प्रकाशित छन् ।

अघिल्लो चरणमा छिट्पुट् रूपमा मात्र केही रेडियोसम्बन्धी लेख रचनाहरूले ठाउँ पाएका थिए । चौथो चरणबाट भने रेडियोसम्बन्धी विषयवस्तुमा बढोत्तरी हुन थाल्यो । त्यसको प्रमाण प्रत्येक अङ्कहरूमा बढ्दै गएको सामग्रीले पनि दिन्छ । बजारमा बिक्री नहुने, ग्राहक नहुने र सम्पर्कको आधारले मात्र *झङ्कार* निश्चित

---

[५] पैसा नभएर नै एकपटक रेडियो नेपालको पियनले प्रसारणका लागि राखिएको माइक लगेको कुरा हरि श्रेष्ठ (२०५६क) ले आफ्नो संस्मरणमा उल्लेख गर्नुभएको छ ।

[६] श्यामदास वैष्णवसँगको कुराकानीमा आधारित ( वैष्णव लामो समय अर्थात् २००७ देखि २०२४ सम्म प्रत्यक्ष र त्यसपछि हालसम्म पनि अप्रत्यक्ष (लेखकको रूपमा), *झङ्कार*सँग सम्बन्धित हुनुहुन्छ ।

[७] भोग्यप्रसाद शाहसँगको कुराकानीमा आधारित ।

ठाउँमा पुग्ने गर्दछ । यदि वास्तविक रूपमा *झङ्कार*लाई नियमित र सबै पाठकहरूको लागि बनाउने हो भने रेडियो नेपालले वितरण व्यवस्थापनबारे स्पष्ट र निश्चित खाका बनाउन जरुरी छ । कसको लागि, के दिनका लागि हो भन्ने स्पष्ट किटान गरेर मात्र निकाल्न सकेमा अझ प्रभावकारी हुन सक्छ। रेडियो नेपालसँग सम्बन्धित र रेडियो नेपालबाट प्रसारित भएका महत्त्वपूर्ण सामग्रीले पनि यस पत्रिकामा ठाउँ पाउन सकेमा ठूलो उपयोग भएको मान्न सकिन्छ। प्रकाशनलाई प्रभावकारी बनाउन र पाठकलाई खुराक दिन खोज्ने नै हो भने अझै मिहिनेत गर्नु पर्ला ।

## फुट्कर प्रकाशनहरू

रेडियो नेपालले बेलाबेलामा विभिन्न किसिमका प्रकाशनहरू गर्दै आएको छ । ती प्रकाशन सामग्रीहरू आम सञ्चार र रेडियो नेपालको आफ्नै बारेमा कमै मात्र

**तालिका २३.२: रेडियो नेपालका फुट्कर प्रकाशनहरूको विवरण**

| क्र.सं. | पुस्तकको नाम | प्रकाशन साल | सम्पादक/लेखक | मुद्रण प्रति |
|---|---|---|---|---|
| १. | सम्झना (रेडियो निबन्ध सङ्ग्रह) | २००९ | उल्लेख छैन | १००० |
| २. | रेडियो दर्पण | २०१० | उल्लेख छैन | उल्लेख छैन |
| ३. | रेडियो सप्ताह | २०१३ | उल्लेख छैन | १००० |
| ४. | युगध्वनि | २०१८ | भोग्यप्रसाद शाह | उल्लेख छैन |
| ५. | नेपालको फूलबारी | २०१९ | उल्लेख छैन | १००० |
| ६. | ललितकला प्रदर्शन | २०१९ | उल्लेख छैन | १००० |
| ७. | श्री ५ महेन्द्रको व्यक्तित्त्व | २०१९ | उल्लेख छैन | १००० |
| ८. | युग दर्शन | २०१९ | उल्लेख छैन | उल्लेख छैन |
| ९. | युगज्योति | २०२० | विश्वनाथ विमल | उल्लेख छैन |
| १०. | हाम्रो लोकगीत | २०२० | धर्मराज थापा | १००० |
| ११. | युग चेतना | २०२१ | विश्वनाथ विमल | उल्लेख छैन |
| १२. | युग दर्पण | २०२२ | हरि श्रेष्ठ | १००० |
| १३. | हाम्रो सांस्कृतिक गतिविधि | २०२२ | उल्लेख छैन | १००० |
| १४. | श्री ५ महेन्द्र- एक विचारक राजनेता | २०२२ | हरि श्रेष्ठ | १००० |
| १५. | युग प्रेरणा | २०२३ | हरि श्रेष्ठ | १००० |
| १६. | युग आह्वान | २०२४ | हरि श्रेष्ठ | १००० |
| १७. | युगधारा | २०२५ | हरि श्रेष्ठ | १००० |
| १८. | युग आवाज | २०२६ | विश्वनाथ विमल | १००० |
| १९. | युग प्रवाह | २०२७ | नारायण श्रेष्ठ | १००० |
| २०. | रेडियो स्वामित्व र श्रवण अध्ययन प्रतिवेदन | २०५४ | नेटली एइ मङ र दामोदर घिमिरे | उल्लेख छैन |
| २१. | रेडियो शैली पुस्तक | २०५५ | उल्लेख छैन | १००० |

स्रोतः सम्बन्धित पुस्तकहरू ।

लेखिएका हुन्थे । संस्था भित्रैका व्यक्तिहरूका लेखहरू पनि त्यस्ता सङ्कलनमा परेका देखिन्छन् । त्यसरी प्रसारित भएका सामग्रीहरूलाई सङ्कलन गर्ने काम स्थापना सँगसँगै भएको पाइन्छ । विशेषगरी श्री ५ महेन्द्रको शासनकाल (२०११–२०२८ साल) भरि यस्ता प्रकाशनले तीव्रता पाएको थियो । यसरी प्रकाशित फुट्कर प्रकाशनको सङ्ख्या गन्ने हो भने २०६० सम्ममा २१ ओटा पुगेको छ । तालिका २३.२ मा यस्ता प्रकाशनको विवरण दिइएको छ भने त्यसपछि सबैको छुट्टा छुट्टै चर्चा गरिएको छ ।

### *सम्झना (रेडियो निबन्ध सङ्ग्रह २००९)*

*सम्झना (रेडियो निबन्ध सङ्ग्रह)* रेडियो नेपालमा २० चैत्र २००७ देखि २००९ सालभरि रेडियोबाट प्रसारण भएकामध्ये छानिएका २१ ओटा निबन्धहरूको सँगालो थियो । रेडियोमा प्रसारित उत्कृष्ट सामग्रीलाई जीवन्त राख्ने उद्देश्यले यो सङ्ग्रह प्रकाशन गरेको देखिन्छ । साथै रेडियोको पहुँच नभएका व्यक्तिहरूलाई पनि उत्कृष्ट सामग्री उपलब्ध गराउनु अर्को उद्देश्य हुन सक्छ । सङ्ग्रह उत्कृष्ट मानिएकाले त्यसबेला त्रिभुवन विश्वविद्यालयले स्नातकोत्तर तहको नेपाली विषयको पाठ्यक्रमको सन्दर्भ ग्रन्थमा समेत समावेश गरेको थियो । तर २०२८ सालपछि भने त्यहाँबाट हटाइयो ।

२१ ओटा निबन्धहरूमध्ये श्यामदास वैष्णवको 'नेपालमा रेडियो' भन्ने मात्र रेडियोसम्बन्धी रहेको छ । त्यसबाहेक साहित्यसम्बन्धी आठओटा, संस्कृतिसम्बन्धी तीनओटा र बाँकी नाटक, समालोचना, सङ्गीत र विज्ञानसँग सम्बन्धित रहेका छन् । साहित्यिक रचनाहरू र केही रचनाहरूको विश्लेषणात्मक समीक्षा पनि परेका छन् । रचनाकारहरूमा बालकृष्ण सम, जनार्दन सम, श्यामदास वैष्णव, ईश्वर बराल, विजय मल्ल, गोपालदास, देवेन्द्रराज, लक्ष्मीप्रसाद देवकोटा आदि रहेका छन् । सम्बन्धित लेखकको लेखको अगाडि अरू लेखकले परिचय खुलाइदिएका छन् । यसले पाठकहरूलाई सम्बन्धित लेखकबारे केही जानकारी दिन्छ । यसलाई रेडियो प्रकाशन माला लेखिएको र पछि अरू विधामा समेत प्रकाशन गर्ने भनिए पनि त्यसो भएको पाइएन ।

### *रेडियो दर्पण*

*झङ्कार*ले रेडियो कार्यक्रम झलक राखेर प्रकाशित हुने गरेतापनि यो बन्द भएका बखत अर्थात् २०१० सालमा *रेडियो दर्पण* नामक कार्यक्रम पुस्तिका प्रकाशन गरिएको थियो । पाक्षिक वा मासिक रूपमा प्रकाशित हुने यस पुस्तिकाले

रेडियो नेपालबाट प्रसारण हुने कार्यक्रमको झलक दिएको हुन्थ्यो । *रेडियो दर्पण* पनि विक्रीका लागि नभई निःशुल्क वितरणका लागि निकालिएको थियो । यसको उद्देश्य कार्यक्रमसम्बन्धी अग्रीम जानकारी दिएपछि रेडियो सबैले सुन्न सकून् भन्ने हो । यो पुस्तिका *झङ्कार* ननिस्किएको समयमा मात्र प्रकाशित भएको थियो । तसर्थ पहिलो पटक २०१० सालमा निस्किएर २०१६ सालबाट बन्द भएको थियो, जुन अवधिमा *झङ्कार* प्रकाशित थिएन । त्यतिबेला एक हिसाबले यो



रेडियो-दर्पण

[२०१४ आश्विन १-१५]

(रेडियो कार्यक्रमसम्बन्धी पुस्तिका)

पहिलो सभा-सर्टवेभ ४१ मिटर र मिडियमवेभ २०७ मिटर
दोस्रो सभा-सर्टवेभ ४१ मिटर
तेस्रो सभा-मिडियमवेभ २०७ मिटर

प्रकाशक-
"रेडियो-नेपाल"
सिंहदरबार
काठमाडौं।

मुद्रित— गोरखापत्र प्रेस नेपाल ।

वर्ष १० ] [ संख्या ३

तस्बिर २३.४: रेडियो कार्यक्रमसम्बन्धी पुस्तिका *रेडियो दर्पण* २०१४ ।

*झङ्कार*को पुरकको रूपमा रहेको थियो । २०२० सालपछि पुनः २०२७ सालसम्म प्रकाशन भयो । त्यसपछि भने यो पुनः देखा परेको पाइन्न । यद्यपि २०४१ सालपछि पनि *झङ्कार* केही वर्षको लागि बन्द भएको थियो । यसमा उल्लिखित वर्ष अङ्क मिलेको देखिन्न । २०१० सालमा यो प्रकाशन सुरु भए पनि २०१४ सालको *रेडियो दर्पण* मात्र हामीले पाउन सकेका छौं । यसमा वर्ष १० सङ्ख्या ३ भन्ने लेखिएको (हेर्नुहोस् तस्बिर २३.४) छ, जुन स्वाभाविक लाग्दैन । २०२० सालमा निस्कँदा पुनः वर्ष १ सङ्ख्या १ भनेर सुरु गरिएको छ ।

### *रेडियो सप्ताह (२०१३)*

श्री ५ महेन्द्रको राज्याभिषेक वैशाख २०१३ मा एक हप्तासम्म भएको थियो । उक्त राज्याभिषेक काठमाडौँमा भएको र त्यसको प्रत्यक्ष प्रसारण रेडियो नेपालले गरेको थियो । सप्ताहभरि प्रसारण भएका लेख, रूपक, गीतहरूको सङ्ग्रह हो *रेडियो सप्ताह* (२०१३) । काठमाडौँ बाहिरका श्रोताहरू जो राज्याभिषेक देख्न नपाउने थिए, तिनीहरूका लागि उक्त अवसरको सन्देश पुऱ्याउन यसो गरिएको थियो । यस पुस्तकमा रेडियो नेपालबाट राज्याभिषेक अवधि (१८-२४ वैशाख) मा बजाइने कार्यक्रमको नेपाली र अंग्रेजीमा झलक पनि दिइएको थियो । २० वैशाखमा राज्याभिषेक दिवस मनाइएको र त्यसदिनमा राज्याभिषेककै प्रकृया वा रीतिबारे प्रत्यक्ष वर्णन गरिएको थियो । पुस्तकको अन्तिम पातोमा *सम्झना (रेडियो निबन्ध सङ्ग्रह)* बारे उक्त पुस्तक पढ्न पाठकहरूलाई आग्रह गरिएको एउटा सूचना पनि राखिएको थियो ।

### *नेपालको फूलबारी (२०१९)*

रेडियो नेपालले २०१९ सालमा गीति नाटक र विभिन्न कार्यक्रमको सँगालो प्रस्तुत गरेको थियो । यसमा विक्रम सम्वत् १८१९ देखि २०१९ सालसम्म दुई शताब्दीभित्र नेपालमा भएका घटनाक्रमलाई नाटकको विषयवस्तु बनाई प्रस्तुत गरिएको थियो । त्यही नाटकलाई पुस्तकको रूपमा रेडियो नेपालले प्रकाशन गरेको हो । रेडियो नाटकलाई पुस्तकको रूपमा प्रकाशित गरेर सबैले पढ्न सकून् भन्ने सोच रेडियोले राखेको देखिन्छ । यस नाटकले विगत दुई शताब्दीभित्र नेपालमा के के परिआयो, कस्तो कस्तो स्थितिको सामना देशले गर्नुपऱ्यो भन्ने कुरालाई सङ्क्षिप्त रूपमा दर्शाइएको छ । साथै यस पुस्तकले गीति नाटकको प्रचार प्रसार पनि गऱ्यो भन्ने खालका अभिव्यक्ति पछिका पुस्तकहरूमा समेत भेटिन्छन् ।

### *ललितकला प्रदर्शन (२०१९)*

यो श्री ५ बडामहारानी रत्नराज्यलक्ष्मी देवी शाहको शुभजन्मोत्सवको उपलक्ष्यमा रेडियो नेपालबाट प्रकाशित पुस्तक हो । यस पुस्तकमा कार्यक्रमको रूपरेखासहित विभिन्न लेखहरू राखिएका छन् । सङ्गीत, नृत्य, अभिनय, संवाद, प्रहसन आदिको मनोरञ्जन कार्यक्रम नै ललितकला प्रर्दशन हो भनिएको छ । पुस्तकमा प्रस्तुत गरिने कार्यक्रमको रूपरेखा पनि दिइएको छ । पुस्तकलाई ८ खण्डमा बाँडिएको छ ।

### *श्री ५ महेन्द्रको व्यक्तित्त्व (२०१९)*

२८ जेठ २०१९ बेलुका 'श्री ५ महेन्द्र र नेपाल' भन्ने शीर्षकमा एक उच्चस्तरीय सेमीनार आयोजना गरिएको थियो। राजा श्री ५ महेन्द्रको व्यक्तित्त्वमाथि गरिएको विश्लेषण र व्याख्यालाई लेखमार्फत सङ्कलन गरी पुस्तकको रूपमा प्रस्तुत गरिएको भन्ने प्रकाशमान सिंहको सन्देश यसै पुस्तकमा राखिएको छ। बालकृष्ण समले 'नेपाली इतिहासको पृष्ठभूमिमा श्री ५ महेन्द्र', बालचन्द्र शर्माले 'श्री ५ महेन्द्र र नेपालको सांस्कृतिक उत्थान', यदुनाथ खनालले 'श्री ५ महेन्द्र र नेपालको अन्तर्राष्ट्रिय व्यक्तित्त्व', नरेन्द्रमणि आदीले 'साहित्य औ श्री ५ महेन्द्रको साहित्यिक अनुराग', दयावीर सिंह कंसाकारले 'दलित वर्गको उत्थान र समाजसेवाप्रति श्री ५ महेन्द्रको योगदान', रणधीर सुब्बाले 'श्री ५ महेन्द्र र हाम्रो शिक्षा प्रणाली' शीर्षकमा लेखेका लेखहरू यसमा राखिएका छन्।

रेडियो नेपालको प्रकाशन भए पनि राजारानीका जन्मोत्सवको उपलक्ष्यमा निकालिने यस्ता प्रकाशनले आमसञ्चारका विषयवस्तुलाई भन्दा राजारानीको महिमा र व्यक्तित्त्वबारे गरिएको एकोहोरो गुणगानलाई महत्त्व दिएको देखिन्छ। रेडियो नेपालले त केवल कृतज्ञता जनाउन मात्र प्रकाशन गरे जस्तो छ।

### *हाम्रो लोकगीत (२०२०)*

श्री ५ बडामहारानी रत्नराज्यको छत्तीसौँ जन्मोत्सवको उपलक्ष्यमा २०२० सालमा रेडियो नेपालले *हाम्रो लोकगीत* नामक सङ्ग्रह प्रकाशन गरेको छ। स्थानीय लोक भाका र लोक सङ्गीतको जगेर्ना गर्नको लागि धर्मराज थापालाई नेपाल अधिराज्यका १४ ओटै अञ्चलमा खटाइएको थियो। १४ अञ्चलका सबैजसो जिल्लामा रहेका स्थानीय लोक भाकाहरूलाई सङ्कलन गरेर पुस्तक तयार भएको थियो।

### *हाम्रो सांस्कृतिक गतिविधि (२०२२)*

२०२० मा रेडियो नेपालमा सांस्कृतिक विभाग गाभिन गएपछि भए गरेका सांस्कृतिक गतिविधिहरूको एक सिंहावलोकन नै *हाम्रो सांस्कृतिक गतिविधि* हो। रेडियो नेपालद्वारा प्रकाशित यस पुस्तकमा पुस २०१७ देखि साउन २०२२ भरि भएका सांस्कृतिक गतिविधिहरूलाई समावेश गरिएको थियो। यस सँगालोमा श्री ५ महेन्द्रको देश विकास लगायत विविध विषयहरूमा रुचि रहेको र सांस्कृतिक गतिविधिप्रति विशेष चासो रहेको थियो भन्ने कुरा दर्शाइएको छ। त्यसबाहेक नेपालको सांस्कृतिक पहिचान विदेशीहरूलाई चिनाउन गरेका कामहरूलाई पनि

उक्त पुस्तकमा समेटिएका छन् । रेडियो नेपाल प्रकाशक भएको पुस्तकको मुद्रण श्री ५ को सरकारको छापाखानाले गरेको थियो ।

### *श्री ५ महेन्द्र- एक विचारक राजनेता (२०२२)*

श्री ५ महेन्द्रको ४५ औँ जन्मदिनको अवसर पारेर रेडियो नेपालले एक विचार गोष्ठीको आयोजना गरेको थियो । ४६ औँ जन्मोत्सवको अवसरमा उक्त गोष्ठीमा व्यक्त विचारहरूलाई सङ्कलन गरी सँगालोको रूपमा *श्री ५ महेन्द्र- एक विचारक राजनेता* (२०२२) प्रकाशन गरियो । रेडियो नेपाल प्रसार विभागअन्तर्गत् पर्ने हुँदा त्यतिबेलाका रेडियो नेपालका प्रकाशनहरू सबै प्रसार विभागअन्तर्गत् नै प्रकाशित मान्नुपर्ने हुन्छ । ऋषिकेश शाह, रणधीर सुब्बा, साम्भदेव पाण्डे, बालचन्द्र शर्मा, बालकृष्ण सम, ढुण्डीराज भण्डारी र सत्यमोहन जोशी आदिका विचारहरू यस सङ्ग्रहमा सङ्कलित छन् ।

पुस्तकमा विशेष गरेर राजा महेन्द्रबारे व्यक्त गरेका विचारहरूलाई ठाउँ दिएको छ । गोष्ठीको विषय नै श्री ५ महेन्द्र- एक विचारक राजनेता भनिएकाले राजा महेन्द्रकै व्यक्तित्त्वबारे मात्र लेखहरू केन्द्रित भएका छन् । पुस्तकको सम्पादन हरि श्रेष्ठले गरेका थिए ।

### *युग शृङ्खला (२०१८-२०२७)*

श्री ५ महेन्द्रको जन्मदिन (जेठ २९ गते) पारेर २०१८ सालदेखि २०२७ सालसम्म हरेक वर्ष रेडियो नेपालले एउटा पुस्तक प्रकाशन गर्दथ्यो । प्रकाशित सबै पुस्तकको नाम 'युग' शब्दबाट सुरु हुने भएकाले सजिलोका लागि यहाँ सबै पुस्तकको प्रतिनिधित्व हुनेगरी 'युग शृङ्खला' भनिएको हो । ती पुस्तक निम्न छन्: *युगध्वनि* (२०१८), *युग दर्शन* (२०१९), *युगज्योति* (२०२०), *युग चेतना* (२०२१), *युग दर्पण* (२०२२), *युग प्रेरणा* (२०२३), *युग आह्वान* (२०२४), *युगधारा* (२०२५), *युग आवाज* (२०२६), *युग प्रवाह* (२०२७) । तत्कालीन अवस्थामा राजा र व्यवस्थामा केन्द्रीकृत भएका लेख, कविता नै उक्त पुस्तकमा समेटिएका छन् । यी शृङ्खलाहरूमा १५ देखि ५० ओटा सम्म कथा, कविता, निबन्ध र लेखहरू छापिएको पाइन्छ ।

२०१८-२०२७ सम्म निकालिएका यी पुस्तकमा राजा र व्यवस्था (पञ्चायत) बारे रमेशनाथ पाण्डे, टेकबहादुर नवीन, ढुण्डीराज भण्डारी, समरबहादुर तुम्बाहाम्फे, सुशीला थापा, लक्ष्मण लोहनी, रमेश खकुरेल, कृष्णबम मल्ल, मणिराज उपाध्याय, गोपालदास श्रेष्ठ, राजेश्वर देवकोटा, यदुनन्दन के.सी. र कृष्णबहादुर खत्रीका लेखहरू राखिएका छन् । प्रस्तुत लेखहरू पञ्चायती व्यवस्था र २०१७ सालमा



तस्बिर २३.५: रेडियो नेपालको प्रकाशन *युग दर्पण* २०२२।

राजा महेन्द्रले गरको कदमबारे केन्द्रित छन्।१० वर्षको अवधिमा भए गरेका गल्ती र कमजोरीबाट नै २०१७ सालको घटना भएको र त्यसपछि जे भयो उचित भयो भन्ने निष्कर्ष ती लेखहरूमा पाइन्छ। यस्ता लेखहरू २०१८-२०२४ सम्म बढी परेका छन्। त्यसपछि ती विषयका लेखहरू परेका छैनन्।

बालचन्द्र शर्मा, रामराज पौडेल, कृष्णबम मल्ल, लोचननिधि तिवारी, रामकृष्ण गौतम र मुकुन्दप्रसाद शर्माले नेपालको भूमि सुधारलाई सुदृढ पार्दै लैजानुपर्ने, भूमिको वर्गीकरण न्यायोचित तरिकाले गरिनुपर्ने भन्ने कुरा लेखमा परेका छन्। पूर्व-पश्चिम राजमार्गको आवश्यकता र उपायोगिताबारे पनि राजेश्वर देवकोटा, जीतेन्द्रराज, यदुनन्दन के.सी., भैरव अर्यालका लेखहरू परेका छन्। सत्यमोहन जोशी, मदनमोहन मिश्र, लिलाराज श्रेष्ठ, साफल्य अमात्य, मनवज्र बज्राचार्य, लिलासिंह कर्मा, बालकृष्ण सम, शिवगोपाल रिसाल र दौलतविक्रम विष्टका कला, संस्कृति र इतिहाससम्बन्धी खोजपूर्ण आलेखहरूले त्यतिबेलाको ऐतिहासिक र पुरातात्विक झलक दिएका छन्। रामविक्रम सिजापति, बालकृष्ण सम, गुमानसिंह चामलिङ, बालमुकुन्ददेव पाण्डे, भैरव अर्याल, एम.पी. लोहनी, बालचन्द्र शर्मा, म.वि.वि. शाह, राजेश्वर देवकोटा र नित्यराज पाण्डेका साहित्यिक लेखहरू परेका छन्। यादव खरेल, किरण खरेल, रविन्द्र शाह, गणेश रसिक, हिरण्य भोजपुरे,

जनार्दन सम, सुन्दरप्रसाद शाह, बालकृष्ण सम, ध्रुवकृष्ण दीप, श्यामदास वैष्णव, पोषण पाण्डे, माधव घिमिरे, धर्मराज थापा, मोहनहिमांशु थापा र प्रेमा शाहका




तस्बिर २३.६: रेडियो नेपालको प्रकाशन *युग आह्वान* २०२४।

कविता रहेका छन्। गोपालप्रसाद भट्टराई, गोविन्दप्रसाद लोहनी, यदुनन्दन के.सी., पुष्प पिंडाली, जनकराज श्रेष्ठका रेडियो नेपालसम्बन्धी केही लेखहरू यी पुस्तकहरूमा पाइन्छन्। त्यस्तै श्यामदास वैष्णव, बालकृष्ण सम, दौलतविक्रम विष्ट र जर्नादन समका नाटक/रूपक छन्। त्यसबाहेक शिक्षा प्रशासन, नारी, पुस्तक समीक्षा जस्ता विविध विषयमा फाट्टफुट्ट लेखहरू पनि परेका छन्।

२० चैत रेडियोको जन्मदिन हो र जन्मदिनको उपलक्ष्यमा राजा र रेडियोको प्रमुखहरूले व्यक्त गरेको भाषण सन्देशहरू पनि उक्त पुस्तकमा राखिएका छन्। प्रगति विवरण वा वार्षिक रूपमा भए गरेका कामहरूका विवरण पनि उक्त भाषणमा उल्लेख हुने गर्दथे। तत्कालीन अवस्थाका नाम चलेका लेखकका लेखहरू, जुन यी पुस्तकमा थिए, ती अधिकांश रेडियोबाट प्रसारित भइसकेका हुन्थे। पूरा देशलाई राष्ट्रिय जागरणको मूलधारमा ल्याउन अर्थात् बहुदलीय परिपाटी असफल साबित बनाइसकेको अवस्थामा पञ्चायतप्रति आर्कर्षित गराउन पनि यी पुस्तकको प्रकाशन गरिएका थिए। साथै रेडियोबाट प्रसारित भइसकेका ती रचनाहरूको

उचित सङ्ग्रह नहुने भएकाले पनि यी प्रकाशन गरिनु जरुरी देखिएको हुन सक्छ। यी पुस्तकहरूलाई रेडियो नेपालले युग सुहाउँदो उत्तमोत्तम रचनाहरूको सङ्ग्रह भएकाले प्रकाशित गरेको हो भन्ने दाबी गरेको छ। रेडियो नेपालका तत्कालीन मि.सु./डाइरेक्टर प्रकाशमान सिंहको धारणा छ- "'सुनाउने' काममा मात्र रेडियो




तस्बिर २३.७: रेडियो नेपालको प्रकाशन *युग प्रवाह* २०२७।

नेपाल सीमित नरहेर आज देश निर्माणको उल्लासले प्रेरित भएर 'देखाउने' काममा पनि सेवा गर्न अग्रसर भएका कार्यहरू मध्येका यी पुस्तकहरू नमूनाका रूपमा छन्" (सिंह २०२०)। त्यसबाहेक राजाको महिमा गाउनका लागि र राजभक्ति दर्शाउन पनि उक्त पुस्तकहरूको प्रकाशन थालिएको थियो भन्न सकिन्छ। झण्डै एक दशक जति रेडियो नेपालले राजा श्री ५ महेन्द्रको जन्म दिन पारेर पुस्तक निकाल्ने गरेपनि त्यसपछिका राजा श्री ५ वीरेन्द्रका पालामा भने यस्ता पुस्तकहरू प्रकाशन भएको पाइन्न।

## ***रेडियो स्वामित्त्व र श्रवण अध्ययन प्रतिवेदन (२०५४)***

२०५४ सालमा रेडियो नेपालले आफ्नो कार्यक्रम र स्वामित्त्वबारे सर्वेक्षण गरेको थियो। चैत २०५२ बाट कात्तिक २०५३ सम्म सर्वेक्षण नमूना लिई २०५४ मा

*रेडियो वनरसिप एण्ड लिसनिङ इन नेपाल: अ नेशनल स्टडी* भन्ने पुस्तक तयार पारिएको थियो । कार्यक्रम कस्तो छ, श्रोताहरू कुन कार्यक्रम सुन्न रुचाउँछन् भन्ने जस्ता मूलभूत कुरामा रिपोर्ट केन्द्रित छ । विभिन्न १२ खण्डमा विभाजन गरी प्रतिवेदन पुस्तक तयार पारिएको थियो (हेर्नुहोस् अध्याय २२) ।

## *रेडियो शैली पुस्तक (२०५५)*

२०५५ सालमा रेडियो नेपालले रेडियो प्रसारणमा भाषा र बोलिचालीलाई शुद्ध र मर्यादित बनाउन सहयोग पुगोस् भनी *रेडियो शैली पुस्तक* प्रकाशन गरेको थियो । रेडियो समाचार र कार्यक्रमको गाइड भनिएको यस पुस्तकमा रेडियोको भाषालाई मधुर र मर्यादित तुल्याउन आवश्यक शब्दहरू र उच्चारणको तरिका समेटिएको थियो ।

## निष्कर्ष

समस्या र कठिनाई भोग्दै अगाडि बढेको प्रकाशन *झङ्कार*ले विभिन्न आकार र स्वरूपमा देखापरी आधा शताब्दीभन्दा बढी को यात्रा तय गरी सक्यो । नेतृत्त्व वा व्यवस्थापनतहले राम्रो परिपाठ नगरिदिएका कारण बेलाबेलामा उदाउने र अस्ताउने क्रम चलिरह्यो । रेडियोमा प्रसारित कार्यक्रमलाई श्रवण गर्नेदेखि लिएर आँखासम्म पुऱ्याउन त्यसको उपायोगिता सिद्ध गर्न नै *झङ्कार*को प्रकाशन थालिएको हो भन्ने कुरालाई भुल्नु हुँदैन । सरकारी कर्मचारी फेरिनासाथ त्यसको असर *झङ्कार*ले पनि व्यहोर्नु पर्ने भयो जसले निश्चित खाका र ढाँचामा लैजान समस्या परी नै रह्यो । सुरुका वर्षहरूमा साहित्य अनुरागीहरूका लागि अमूल्य खुराक बनेको *झङ्कार* मध्यभागमा आएर सुस्ताउन लागेपनि विविध खाले स्वाद भने पस्की नै रह्यो ।

निश्चित नियम र शैलीले बाँध्न नसकेको रेडियो नेपाल दरबारीया माया र पुलपुल्याइले बढेजस्तै *झङ्कार*ले पनि आफ्नो पाइला तय गरेको थियो । रेडियो नेपाल व्यवस्थापनले ढिलै भए पनि खुल्ला प्रतिस्पर्धामा मूल्य राखेर बजारमा लैजाने तयारी गरिरहेको कुरा प्रकाशमा आएपछि *झङ्कार*का पारखीहरूलाई खुशी बनाइदिएको छ । तर त्यसको लागि छुट्टै व्यवस्थापन संयन्त्र बनाएर विज्ञापन र वितरण प्रणालीलाई व्यवस्थित गराउन सकेमा *झङ्कार* अवश्य नै झङ्कृत हुने थियो । सरकारी नीतिलाई पारदर्शी बनाई गैर सरकारी क्षेत्रका व्यक्तिहरू र पाठकहरूका विचारलाई समेत समावेश गरी नयाँ युगको चाहनाअनुरूप यथेस्ठ सामग्री राखिनु पर्छ । त्यसका लागि निश्चित उद्देश्य र मापदण्ड तय गरी उचित गृहकार्य गर्नु आवश्यक छ ।

स्रोत, साधन र जनशक्ति समेत कम भएको प्रारम्भिक अवस्थामा *झङ्कार* महिनाको दुई पटक निस्कने गरेको थियो तर अहिले त्यसको तुलनामा सबै कुरामा बढोत्तरी हुँदा पनि वर्षको एक पटक मात्र संयुक्ताङ्क बनेर निस्कने गरेको छ। रेडियो अध्येता, मिडियाकर्मी र त्यसप्रति चासो राख्नेहरूका लागि सके मासिक नसके द्वैमासिक गर्न सके *झङ्कार*को सार्थकता प्रमाणित हुने थियो। सायद नयाँ बनाउन खोजिएको *झङ्कार*को समूहले यसबारे अवश्य सोच्नेछ। मूलतः रेडियोबाट प्रसारित सामग्रीले नै यसमा ठाउँ पाउनु पर्दछ किनभने ती सामग्रीले यसमा ठाउँ नपाउने हो भने अन्य ठाउँमा त झनै मौका पाउन सक्दैनन्। सङ्ग्रहकै लागि भए पनि त्यस्ता सामग्री *झङ्कार*मा छापिनु पर्दछ। *झङ्कार* र *रेडियो दर्पण*मा दिइएका रेडियो कार्यक्रमहरूले श्रोता मात्र नभई पाठकहरूलाई पनि रेडियोमा के के कार्यक्रम कहिले र कतिबेला बज्छन् भनेर जान्न सजिलो बनाइदिन्छ। यसबाट आफ्ना अनुकूल समयमा रुचिका कार्यक्रमहरू सुन्नलाई श्रोतालाई सुविधा भएको पक्कै छ। यस मानेमा कार्यक्रम तालिका धेरै उपयोगी भएको छ।

विशेष पर्व र जन्म दिनमा प्रकाशित पुस्तकका विषयवस्तु उपयोगिताको हिसाबले कमसल नै देखिन्छन्। २०१२ देखि २०२८ सम्मका अवधिमा रेडियो नेपालले जे जति सामग्री प्रकाशित गर्‍यो ती सबै उपयोगिताका हिसाबले भन्दा दरबार र त्यससम्बद्ध संस्थाहरू रिझाउने उद्देश्यले मात्र प्रकाशन भएझैँ लाग्छन्। आम पाठकका हिसावले ती विषयवस्तु कमै मात्र उपयोगी छन् भनेर ठोकुवा गर्न सकिन्छ। त्यसको सट्टा आम पाठकवर्गको रुचि र सरोकार भएको कुनै एउटा महत्त्वपूर्ण विषयमा तिनै व्यक्तिहरूलाई लेख्न लगाएको भए बेस हुने थियो। तर त्यस्तो हुन सकेन। रेडियोप्रति राजारानीको विशेष अभिरुचि भएर पनि त्यस्ता पुस्तक प्रकाशन गरिएका हुन सक्छन् अथवा राजारानीको निगाह बक्स होस् भन्नाका लागि पनि यी प्रकाशन भएको हुन सक्छ।

रेडियो नेपालबाट प्रकाशन भएका सामग्रीहरूमध्ये मङ्सिर २०६० सम्ममा *झङ्कार* बाहेक अरू प्रकाशनले निरन्तरता पाउन सकेनन्। यद्यपि *झङ्कार* पनि नियमित भने थिएन। यसो हुनुमा सायद यी प्रकाशनहरू संस्था वा श्रोताको लागि दीर्घकालीन स्रोत हुन् र भविष्यमा कुनैबेला काम लाग्न सक्छन् भन्ने सोच नभएको भन्न सकिन्छ। यस कार्यका लागि रेडियो नेपालले कुनै निश्चित समूह बनाउन सकेको छैन। दीर्घकालीन सोचाइ र निश्चित समूहबिना निकालिने त्यस्ता प्रकाशनले निरन्तरता पाउन सक्दैनन्। थप प्रकाशन हुनु त परै जाओस् भइरहेकाहरूलाई पनि निरन्तरता दिन नसक्नु प्रसारण संस्थाको मात्र नभई सबैको लागि दुःखको कुरा हो।